'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : ११४ शुक्रवार ०५ पुष, २०८१ 20 (Friday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### विकासमा पनि राजनीतिकरण
## वार्षिक १० हजार जनालाई रोजगारी दिने ‘कर्णाली समृद्धि परियोजना’ अलपत्र

नमस्ते समचारदाता
सुर्खेत, पुष/०४



माओवादी केन्द्रका नेता राजकुमार शर्मा ०७९ पुसमा मुख्यमन्त्रीको पदभार ग्रहण गर्दैगर्दा शर्माले कर्णालीका बेरोजगार १० हजार जनालाई वार्षिक रोजगारी दिने घोषणा गरेका थिए । नेता राजकुमार शर्मा मुख्यमन्त्री हुँदा अघि सारिएको चर्चित कार्यक्रम हो, ‘कर्णाली समृद्धि’। जसमा वार्षिक १० हजार जनालाई रोजगारी दिने परियोजना तय गरिएको थियो । निकै महत्वाकांक्षी मानिएको उक्त परियोजना एमालेका नेता यामलाल कँडेल मुख्यमन्त्री बनेसँगै अलपत्र परेको छ । उक्त कार्यक्रम ऐन बनाएर अघि बढाइने भनिएपनि घोषणामै सीमित बन्न पुगेको हो। शर्माको घोषणासँगै कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने कानून निर्माणका लागि विधेयक तयार भई सदनमा पेस गर्ने चरणमा पुगेको थियो । सोही बिचमा सरकार परिवर्तन भयो । शर्मा मूख्यमन्त्रीबाट हटे । शर्मा हटेसँगै उनीले ल्याएको उक्त योजना कँडेल नेतृत्वको सरकारले कार्यान्वयन गर्न चाहेन। माओवादी केन्द्र प्रदेश संसदीय दलका नेता समेत रहेका शर्माका अनुसार ०८० चैत अन्तिम साता माओवादीको समर्थनमा मुख्यमन्त्री बन्दै गर्दा कँडेलले उक्त कार्यक्रम लागु गर्ने सहमति समेत गरेका थिए । तर, चालू आर्थिक वर्ष ०८१/८२ को बजेट वक्तव्यमा भने उक्त कार्यक्रम समेटिएन । शर्मा भन्छन्, ‘राजनीतिक रूपमा त्यो बेला लागु गर्ने समझदारी भएको हो । तर अहिलेसम्म उहाँ (मुख्यमन्त्री)ले केही छलफल गर्नु भएको छैन।’ शर्मा नै मुख्यमन्त्री रहेको समयमा कार्यक्रम कार्यान्वयनका लागि आर्थिक वर्ष ०८०/८१ मा १ अर्ब ५० करोड विनियोजन गरिएको थियो । बजेट व्यक्तव्यमै प्रमुखताका साथ भनिएको छ, ‘कर्णाली प्रदेशको मुख्य समस्याको रूपमा रहेको गरिबी अन्त्यका लागि वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्न शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारः त्यसका लागि पूर्वाधार भन्ने अभियानका साथ कर्णाली समृद्धि अभियानलाई परियोजनाको रूपमा सञ्चालन गरिने छ।’ बेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालनका लागि रोजगारी मार्फत स्वरोजगारी प्रवर्द्धन गर्न सिप नक्साङ्कन गरी आवश्यक ज्ञान, सिप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाई स्वरोजगार बनाइने कुरा बजेटमा उल्लेख छ। कर्णाली समृद्धि परियोजनालाई प्रदेशको रूपान्तरणकारी आयोजनाको रूपमा विकास गरिने दाबी गरिएको छ । ‘परियोजनालाई व्यवस्थित, पारदर्शी नतिजामुखी र दिगो बनाउन छुट्टै ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ,’ बजेटमा वक्तव्यमा भनिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव आनन्द सारू अहिलेसम्म यस सम्बन्धमा ऐन बन्न नसकेको बताउँछन् । त्यो बेला कार्यान्वयन गर्नका लागि सरकारले ‘समृद्ध कर्णालीका लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजना निर्माण कार्यदल’ गठन गरेको थियो ।

बाँकी ३ पेजमा...

## शवदाह गृहको काम रोक्न परेको रिट खारेज

नमस्ते समचारदाता
कोहलपुर, पुष/०४



कोहलपुर शवदाह गृह निर्माण कार्य रोक्न माग गर्दै परेको रिट माथि उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासले अन्तरिम आदेश दिन इन्कार गरेको छ । अदालतको यो आदेशसँगै कोहलपुर नगरपालिकाले कोहलपुर-११ स्थित डुडुवा र रोहिणी खोलाको संगमस्थलमा निर्माणाधिन कोहलपुर शवदाह गृह निर्माणको कामले निरन्तरता पाउने भएको कोहलपुर नगरपालिकाका कानूनी सल्लाहाकार कर्ण केसीले जानकारी दिए । गएको मंसिर २४ गते कोहलपुरका स्थानीय भुमबहादुर भण्डारीले सार्वजनिक सरोकारवाको विषय भन्दै कोहलपुर शवदाह गृह निर्माण तत्काल रोक्न माग गर्दै उच्च अदालतमा रिट दायर गरेका थिए। बुधबार दुवै पक्षबीच भएको बहसपछि उच्च अदालतले अन्तरिम आदेश जारी नहुने निर्णय सुनाएको हो। अदालतको यो आदेशपछि कानूनी हिसावले निर्माणको काममा अव कुनै अवरोध नहुने सल्लाहकार केसीले बताए । गत असोज १९ गते शिलान्यास गरिएको अत्याधुनिक प्रविधियुक्त शवदाह गृह तीव्र रूपमा निर्माण भइरहेको उपभोक्ता समितिका संयोजक चक्र अधिकारीले जानकारी गराएका छन् । कुल रु १ करोड २५ लाख लागतमा शवदाह गृह निर्माण हुन लागेको हो । अधिकारीका अनुसार शवदाह गृह निर्माणको काम ८० प्रतिशत सम्पन्न भइसकेको छ । माघ महिनादेखि औपचारिक रूपमा सञ्चालनमा ल्याउने गरी तीव्र गतिमा निर्माण कार्य भइरहेको संयोजक अधिकारीले बताए । शवदाह गृहका लागि चाहिने अधिकांश संरचना निर्माण भइसकेको उनको भनाइ छ । शवदाह गृहमा अत्यावश्यक रहेको विद्युतसमेत जडान गरिएको संयोजक अधिकारीले जानकारी दिए । अधिकारीले भने, ‘कोहलपुरको अत्यावश्यक संरचना निर्माण भइरहेको छ। निर्माणको ८० प्रतिशत काम हामीले सम्पन्न गरिसकेका छौं । आगामी माघ महिनामा शवदाह गृह सञ्चालनमा ल्याउनेगरी काम भइरहेको छ ।’ शवदाह गृह निर्माणका लागि स्थानीय सरकार, व्यवसायी र बैंकहरूबाट राम्रो सहयोग पाइएको अधिकारीको भनाइ छ। कोहलपुर नगरपालिकाले १५ लाख रुपैयाँ छुट्याएको छ । कोहलपुर नगर विकास समितिबाट ५० लाख रुपैयाँ ऋण लिएर शवदाह गृह निर्माण भइरहेको हो । एभरेष्ट बैंकले ५० लाख रुपैयाँ सहयोग गरेको छ । ग्लोबल आईएमई बैंकले २० लाख सहयोग गरेको छ। गोल्छा समूह र दुगड समूहले समेत शवदाह गृहका लागि आवश्यक संचरना निर्माणको वाचा गरेको र छिट्टै सहयोग हस्तान्तरण गरिने आशा राखेको अधिकारीले सुनाए । कोहलपुर नगरपालिका-१२ का वडाअध्यक्ष वीरेन्द्रकुमार शाहले लामो समयको प्रतीक्षापछि कोहरपुरबासीको सपना पूरा हुने चरणमा पुगेको बताए । कोहलपुरमा शवदाह गृह नहुँदा ४२ किलोमिटर दूरी पार गरेर राप्तीसोनारी स्थित अगैयाघाट जानुपर्ने बाध्यता कोहलपुर बासीलाई पर्दै आएको छ।

## फत्यबाल अस्पतालमा आँखाको नानी प्रत्यारोपण

नमस्ते समचारदाता
नेपालगन्ज, पुष/०४



नेपालगन्ज स्थित फत्तेबाल आँखा अस्पतालमा १५६ जनाको आँखाको नानी प्रत्यारोपण गरिएको छ । पाँच महिना अघिबाट मात्र कर्निया सर्जरी सुरु भएको सो अस्पतालमा मंसीर मसान्तसम्म १५६ जनाको आँखाको नानी प्रत्यारोपण सेवा प्रदान गरिएको अस्पतालका कर्निया विशेषज्ञ डा. राजशी श्रेष्ठले बताएका छन् । यसअघि नेपालगन्जमा कर्नियाको सर्जरी सेवा थिएन । फत्तेबाल आँखा अस्पतालमा डा. श्रेष्ठले यो सेवाको सुरुवात गरेका हुन। डा. श्रेष्ठका अनुसार छोटो समयमै यस क्षेत्रका र भारतका धेरै जनाको आँखाको नानी प्रत्यारोपण गर्न सकिएको जनाउँदै यहाँ कर्निया सर्जरी सुरु गरिएपछि बिरामीलाई सहज भएको बताए । आँखाको प्रकृति अनुसार २२ हजारदेखि ३३ हजार रुपियाँसम्म शुल्क लिएर आँखाको नानी प्रत्यारोपण हुँदै आएको फत्तेबाल आँखा अस्पतालले जनाएको छ । १० देखि ८० वर्ष उमेरसम्मका व्यक्तिको आँखाको नानी प्रत्यारोपण गरिएको समेत जानकारी अस्पतालका कर्निया विशेषज्ञ डा. श्रेष्ठले गराए । प्रत्यारोपण भने जुनसुकै उमेर समूहका व्यक्तिमा पनि गर्न सकिने उनल जानकारी गराए। काठमाडौंस्थित तिलगङ्गा आँखा प्रतिष्ठानमा मात्र ‘आई बैङ्क’ सञ्चालनमा रहेका कारण तिलगङ्गा आँखा अस्पतालबाट आँखाको नानी ल्याएर अस्पतालमा सफलतापूर्वक प्रत्यारोपण सेवा प्रदान भइरहेको जनाइएको छ । फत्तेबाल आँखा अस्पतालमा आँखाको उपचारका लागि भारतका विभिन्न स्थानबाट दैनिक ठुलो संख्यामा उपचारका लागि आउने गरेका अस्पतालका कार्यक्रम अधिकृत उमेर अहमद सादिकले बताए । उनले सो अस्पतालले बाँके लगायत विभिन्न जिल्लाका पालिकामै पुगेर निःशुल्क आँखा उपचार शिविर आयोजना गरी आँखा परीक्षण तथा उपचार गर्दै आएको बताए।



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## राजनीतिक लेपमा अल्झिएको निजामती सेवा ऐन

निजामती सेवा वा सरकारी सेवा राज्य सञ्चालनको एक आधारभूत तथा अभिन्न अङ्ग हो । सरकारले निर्माण गरेका कानून, नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी प्रथमतः निजामती सेवाले लिने गर्छ। कानूनको परिपालना गर्न–गराउनु, सरकारको प्रतिनिधिका रूपमा सरकारी सेवा–सुविधालाई नागरिक समक्ष पुऱ्याउनु, नागरिकलाई राज्यको अनुभूति दिलाउनु र समग्रमा सरकार र नागरिकका बिच सेतुको काम निजामती सेवाले गरेको हुन्छ। सन् १८५४ मा बेलायती संसदमा 'नर्थकोट–ट्रेभेलियन रिपोर्ट' बुझाएपछि आधुनिक सरकारी सेवाको सुरुवात भएको मानिन्छ । नेपालमा २००८ सालमा पब्लिक सर्भिस कमिसन गठन भएको थियो । २०१३ सालमा निजामती सेवा ऐनको तर्जुमापश्चात् कानूनी रूपमा निजामती सेवाको सञ्चालन भएको मान्न सकिन्छ । सार्वजनिक प्रशासनको सुधारका लागि हामीकहाँ विभिन्न समयमा आयोग, समिति तथा कार्यदल गठन भएका छन्। खासगरी २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अधिकार सम्पन्न प्रशासन सुधार आयोग गठन भएको थियो। सो आयोगको सुझाव समेतका आधारमा प्रशासन क्षेत्रको आमूल सुधार हुने गरी निजामती सेवा ऐन (२०४९) जारी गरिएको हो। हालसम्म त्यही कानूनले मुलुकको निजामती सेवा चल्दै आएको छ । संघीय व्यवस्था आएको लामो समयसम्म संघीय निजामती सेवा ऐन जारी हुन नसकेकाले हामीकहाँ निजामती सेवा तदर्थवादमा चल्न बाध्य छ। संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनको कार्यान्वयनमा समेत जटिलता देखिएको छ । स्थानीय तहमा कार्यरत कर्मचारीको निवृत्तिभरण लगायत समस्या बल्झिँदै गएका छन्। समायोजित कर्मचारीको कामकाज सरुवाको व्यवस्थापन गर्न नसक्दा बढुवामा जटिलता थपिएको छ । सँगै समायोजन भएका कर्मचारीको बढुवामा एकरूपता हुन सकेको छैन । नयाँ कानून जारी नहुने र मौजुदा कानूनको समेत पूर्ण कार्यान्वयन नहुँदा 'निजामती कानून भगवानले जानुन' भन्ने परिस्थिति सिर्जना भएको छ। यस्तो अवस्थामा बन्दै गरेको संघीय निजामती सेवा ऐनलाई राजनीतिक हस्तक्षप रहित बनाएर छिटै संसदमा प्रस्तुत गर्न जरुरी छ।

# क्रिकेटले जन्माएको अवसर

रितेश पन्थी



रितेश पन्थी

**अहिले विश्वभर सयभन्दा बढी राष्ट्रले क्रिकेट खेल्छन । नेपाल आइसिसी टी-ट्वान्टी विश्व बरियतामा १७ औं स्थानमा छ । नेपालले सन् २०१४ पछि हाल २०२४ मा अमेरिकामा भएको आईसिसी टी-ट्वान्टी विश्वकपमा सहभागी भएको थियो । त्यहाँ नेपाली डायस्पोराको साथ र समर्थनले नेपालको शक्ति देखिएको थियो । दक्षिण अफ्रिकासँग एक रनले हारेको नेपालका खेलाडीहरूको खेल र समर्थकको क्रिकेट क्रेज देखेर संसारका दिग्गज खेलाडी र प्रशंसकहरूले नेपालको तारिफ गरेका थिए ।**

एक वर्षअघि भारतका विदेशमन्त्री एस जयशङ्कर नेपाल आउँदा नेपालका क्रिकेट खेलाडी र क्यानका प्रतिनिधिहरूलाई भेट्दै भारतले नेपालको क्रिकेटमा सघाउने वचन दिनुभएको थियो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले धेरै वर्षअघि सन्दिप लामिछानेको नाम लिँदै नेपाल आइपिएलमा प्रवेश गरेको र यसले दुई देशबिचको सम्बन्ध बलियो पार्ने विश्वास व्यक्त गर्नुभएको थियो । यो प्रतिनिधि उदाहरण भारतको क्रिकेट कूटनीति हो । पछिल्लो समय क्रिकेटले ल्याएको उछाल र सफलताले क्रिकेटमा लगानी गर्न मार्गप्रशस्त गरेको छ। नेपाल प्रिमियर लिग हेर्नकै लागि क्रिकेटको महान् हस्ती वेष्ट इन्डिजका दिग्गज खेलाडी ब्रायन लारा नेपाल आउनुभयो । ब्रायन लारा नेपाल आउनु राष्ट्रका लागि गर्वको कुरा हो। उहाँले आफू पछि फेरी नेपाल आउने भन्दै वेष्ट इन्डिजको खेलाडीको नेपाल टुर गराउन आफूले प्रयास गर्ने भन्नुभएको छ । फेस्टिबल अफ हिमालय अर्थात् हिमालको चाडपर्व नाम दिइएको नेपाल प्रिमियर लिगमा देखिएको समर्थकको साथले अन्तर्राष्ट्रियस्तरमा नेपालको क्रिकेटको चर्चा परिचर्चा सुरु भइसकेको छ । क्रिकेट नेपालमा सर्वाधिक रुचाइएको खेल हो भन्दा फरक नहोला। नेपाल प्रिमियर लिगको उद्धाटन भएको दिनदेखि त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा देखिएको थामिनसक्नु दर्शकले क्रिकेटको लोकप्रियता जीवन्त राख्न सघाउ गरिरहेको छ । एनपिएल भएकै समय पुरुष एसिसी यु-१९ क्रिकेटमा अफगानिस्तानलाई र हालै एसिसी यु-१९ महिला एसिया कपमा नेपालले पाकिस्तानलाई हराएर सेमीफाइनलमा पुगेको खबरले सनसनी मच्चाएको छ भने नेपाल सुपर चारमा समेत प्रवेश गरेको छ । यसरी नेपालले खेलको माध्यमबाट देश चिनाउन र देशको सौम्य शक्ति बढाउन सोच्नुपर्ने बेला भएको छ । एनपिएलको प्रत्यक्ष प्रसारण स्टार स्पोर्टस जस्तो भारतीय च्यानलबाट भएको हुँदा यसले देशविदेशमा नेपालको नाम गुन्जिने हुन्छ। क्रिकेटलाई अर्थतन्त्र साथसाथै कूटनीति र देशको सौम्य शक्तिको रूपमा कसरी सम्भावना र अवसरको रूपमा हेर्न सकिन्छ भन्नेमा यस आलेखमा चर्चा गरिन्छ। बेलायतबाट सुरुवात भएको मानिने क्रिकेट फुटबलपछि विश्वमा सर्वाधिक हेरिने खेल हो । बेलायतको उपनिवेशको प्रभावले अमेरिका, अस्ट्रेलियालगायत दक्षिण एसियासम्म क्रिकेटको माहोल बन्दै गयो। सन् १९०९ मा इम्पेरियल क्रिकेट कन्फरेन्सको (आइसिसी) स्थापना भएको थियो । यसको संस्थापक राष्ट्र बेलायत, अस्ट्रेलिया र दक्षिण अफ्रिकालाई बनाइएको थियो । सन् १९२६ मा न्युजिल्यान्ड, भारत र वेष्ट इन्डिजलाई सहभागी गराइयो, १९५२ मा पाकिस्तान, सन् १९८१ मा श्रीलङ्का जोडिए भने सन् १९९१ सम्म १२ स्थायी राष्ट्र जोडिएका छन्। एनपिएलले अहिले मन्दीको अवस्थामा रहेको अर्थतन्त्रमा सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ। एउटा फ्रेनचाइस टिमले नै खेलाडीमा करोडौं लगानी गरेको पाइन्छ भने एनपिएलमा समग्र आर्थिक कारोबार एक अर्बको हुने आँकलन गरिएको छ। देशमा लगानीको विविध क्षेत्र भएको भए तापनि नाफा निकाल्न सकिने आधार लगानीकर्तामा क्रिकेटले देखाएको छ। अन्तर्राष्ट्रिय लगानी आउने वातावरण बनाउन क्यानले भूमिका खेल्दै नेपाल लगानीका लागि आकर्षक गन्तव्य भनेर चिनाउन सकिन्छ । अन्तर्राष्ट्रिय खेलाडीको आगमनले पर्यटन प्रवर्धनमा समेत सघाउ पुग्ने हुन्छ। अहिले विश्वभर सयभन्दा बढी राष्ट्रले क्रिकेट खेल्छन । नेपाल आइसिसी टी-ट्वान्टी विश्व बरियतामा १७ औं स्थानमा छ । नेपालले सन् २०१४ पछि हाल २०२४ मा अमेरिकामा भएको आईसिसी टी-ट्वान्टी विश्वकपमा सहभागी भएको थियो । त्यहाँ नेपाली डायस्पोराको साथ र समर्थनले नेपालको शक्ति देखिएको थियो । दक्षिण अफ्रिकासँग एक रनले हारेको नेपालका खेलाडीहरूको खेल र समर्थकको क्रिकेट क्रेज देखेर संसारका दिग्गज खेलाडी र प्रशंसकहरूले नेपालको तारिफ गरेका थिए । चितवनको गौतम बुद्ध अन्तर्राष्ट्रिय रङ्गशाला घोषणा कार्यक्रममा २०७५ सालतिर भरतपुर महानगरपालिकाको मेयरले सो रङ्गशालामा पहिलो खेल भारत र पाकिस्तानको हेर्न चाहेको भन्नुभएको थियो। एनपिएलमा देखिएको समर्थनले अब नेपाल पनि अन्तर्राष्ट्रिय क्रिकेट खेल आयोजना गर्न सक्छ भन्ने सन्देश गएको छ तर क्रिकेटमा भएको लगानी र पूर्वाधारको विकास भने अझै पनि खड्किरहेको छ। नेपालले सन् २०२७ मा आइसिसी यु-१९ महिला विश्वकपको सहआयोजना गर्नेवाला छ । सन् १९९६ मा नेपाल आइसिसीको सदस्य भएयता निकै आरोहअवरोह पार गर्दै क्रिकेटको विकास भएको छ । आइसिसीका पूर्वअध्यक्ष ग्रेग बार्क मार्चमा नेपाल आएको बेला नेपालको रङ्गशाला हेरेर कीर्तिपुर र मूलपानी रङ्गशालाको अवलोकन गर्नुभएको थियो । नेपाललाई सक्दो अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताको आयोजना गर्ने अवसर प्रदान गर्न भूमिका खेल्ने उहाँले भन्नुभएको थियो । अहिले भारतको जय साह आईसिसीको अध्यक्ष हुनु भएको छ। अब भारतको क्रिकेट बोर्डको समेत अध्यक्ष भइसक्नुभएका आइसिसीको अध्यक्षसँग राम्रो सम्बन्ध राख्न पहल गर्नु पर्छ । नेपाल सरकार परराष्ट्र मन्त्रालय, खेलकुद मन्त्रालय र क्यानले यसमा कूटनीतिक पहल गरेर नेपाली क्रिकेटको विकास क्रममा ध्यान दिनु पर्छ । आइसिसीले सन् २०२७ मा थप दुई टेस्ट राष्ट्रको मान्यता प्रदान गर्ने भनिएको छ । नेपालले टेस्ट राष्ट्रको मान्यता प्राप्त गर्न धेरै मेहनत र चुनौती पार त गर्नु पर्छ साथसाथै पूर्वाधारको विकाससमेत छिटो गर्नुपर्ने हुन्छ । यसरी क्रिकेटलाई खेलकै रूपमा हेरियो भने सानो देखिन्छ तर नेपाल जस्तो मुलुकले एनपिएलमा पाएको सफलताले हाम्रो क्षमतासमेत देखिएको छ । खेलको माध्यमबाट अर्थतन्त्रमा योगदान, पर्यटन प्रवर्धन तथा विकास र राष्ट्रको अन्तर्राष्ट्रिय प्रतिष्ठासमेत बढ्ने हुन्छ। खेलको माध्यमबाट अन्य राष्ट्रसँग सुमधुर सम्बन्ध कायम राखिराख्न र सहयोग प्राप्त गर्न सकिन्छ । क्रिकेटलगायत खेल पूर्वाधार विकास गर्न अन्य राष्ट्रलाई आग्रह गर्न सकिन्छ। –*गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# खानेपानी र विद्युत सेवा अनियमित हुँदा स्थानीयलाई सास्ती

नमस्ते समचारदाता
मुगु, पुष/०४



मुगु जिल्लाको सदरमुकाम गमगढी बजारमा विद्युतदेखि खानेपानी र इन्टरनेट अनियमित हुँदा स्थानीयले दैनिक सास्ती भोग्नुपरेको छ। नियमित नहुँदा र छायाँनाथ रारा नगरपालिकाका १ देखि १४ वडासम्मका गरी ३,२०० घरधुरीमा विद्युत सेवा अनियमित हुँदा स्थानीयले दैनिक सास्ती भोग्नुपरेको छ। छायाँनाथ रारा नगरपालिका-१ का स्थानीय समाजसेवी नृपेन्द्र बहादुर मल्लले गएको साता देखि जिल्लामा विद्युत, खानेपानी र इन्टरनेट अनियमित हुँदा यहाँका स्थानीयले सास्ती खेप्नु परेको बताए। उनले भने, 'सदरमुकाम गमगढी बजारमा इन्टरनेट राम्रोसँग नचल्दा सञ्चारकर्मी प्रत्यक्ष मारम परेको उनले गुनासो गरे। यता छायाँनाथ रारा नगरपालिका-७ का पंच बहादुर रावलका अनुसार जिल्लामा विद्युत नियमित नहुँदा यहाँका स्थानीय व्यापारीले एक प्रती फोटोकपी गरे बापत २० रुपियाँ लिने गरेका छन्। नेपाल विद्युत प्राधिकरण मुगुका कार्यालय प्रमुख साजन ऐडीका अनुसार नाग्म गमगढी ३३ केभीको लाईन निर्माण व्यावसायी श्री दावाँ सिं जेभीले मर्मत गर्न लागेकोले विद्युत सेवामा अनियमित हुनगएको हो। पुस ४ गते सम्म उक्त निर्माण व्यावसायीले मर्मत कार्य सम्पन्न गरेपछि पुस ५ गतेबाट जिल्लामा नियम विद्युत सञ्चालनमा आउने उनले बताए। यता नेपाल टेलिकम शाखा कार्यालय मुगुका प्रमुख देवराज आचार्यका अनुसार जिल्लाको इन्टरनेट सेवामा दुईवटा प्रविधिले सञ्चालन हुँदै आएको छ। फाइपयमविपियस र फोजी। उनले भने, जिल्लामा दुइटा फोजीका टावरमा विद्युत जडान भएकोले उक्त टावरमा व्याकप पावर नहुँदा हिजोआज विद्युत अनियमितका कारणले गर्दा राम्रोसँग काम नगरेको हो।

# नेपालगञ्जका विद्यालयमा सहकारी शिक्षा

नमस्ते समचारदाता
नेपालगन्ज, पुष/०४

बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिकाका विद्यालयमा सहकारी शिक्षा सुरु भएको छ। उपमहानगरपालिका क्षेत्रका ६ वटा विद्यालयका विद्यार्थीलाई लक्षित गरी सहकारी शिक्षा सुरु गरिएको हो। उपमहानगरपालिकाका पञ्जीकरण तथा सहकारी शाखाका प्रमुख प्रवीण रानाले बुधबार महेन्द्र उच्च माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीलाई सहकारी शिक्षा दिएसँगै अभियान सुरु भएको जानकारी गराएका छन्। उनले यस वर्ष नेपालगञ्जका ६ वटा विद्यालयमा सहकारी शिक्षा प्रदान गरिने बताए। महेन्द्र मावि, आदर्श मावि, मङ्गलप्रसाद मावि, धम्बोझी मावि, सरस्वती र जयजनता माविमा सहकारी शिक्षा कार्यक्रम दिइने रानाले जानकारी गराए। रानाले भने, 'सहकारीको अवधारणा, सहकारी दर्ता र अहिले सहकारीमा देखिएका समस्या र अवस्थाका बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम सुरु गरेका हौँ। विद्यार्थीहरु मार्फत अभिभावक पनि सहकारीका बारेमा सचेत हुने हाम्रो बुझाई छ।' हरेक वर्ष सञ्चालन भइरहेको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको उपमहानगरपालिकाले जनाएको छ। उपमहानगरले विगत वर्षमा पनि यस्तो कार्यक्रम गर्दै आएको थियो। अघिल्लो वर्ष उपमहानगर का २४ विद्यालयका प्रतिनिधिको सहभागितामा सहकारी शिक्षा प्रदान गरिएको सहकारी शाखा प्रमुख रानाले जानकारी दिए। उपमहानगरपालिकाले सहकारीलाई व्यवस्थित र विश्वसनीय बनाउन सूचना प्रविधि तालिम समेत दिएको छ। दुईदिने तालिममा सहकारीको सफ्टवेयर वा इन्टरनेट चलाउँदा हुने समस्या, त्यसबाट जोगिने तरिका, साइबर सेक्युरिटी, सहकारीको डिजिटल फर्म्याटमा उपस्थिति देखाउने लगायत विषयमा प्रशिक्षित गरिएको जनाइएको छ।

# प्रथम अदानचुली साँस्कृतिक तथा पर्यटकीय महोत्सव हुने

नमस्ते समचारदाता
हुम्ला, पुष/०४




जिल्लाको दक्षिण भेगमा रहेको अदानचुली गाउँपालिकामा प्रथम अदानचुली साँस्कृतिक तथा पर्यटकीय महोत्सव आयोजना हुने भएको छ। गाउँपालिकामा रहेका पर्यटकीय स्थल र यहाँको सस्कृति जगेर्ना तथा प्रवर्द्धन गर्ने उद्देश्यले पुस ५ गते महोत्सव आयोजना हुन लागेको हो। गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत हंश महताराले महोत्सवमा राष्ट्रिय स्तरमा ख्याती प्राप्त देउडा कलाकारको समेत प्रस्तुति रहने जानकारी दिनुभयो। महोत्सवमा स्थानीय महिला तथा पुरुषबिच देउडा प्रस्तुती समेत रहने भएको छ। महोत्सवमा मागल, बालो चम्फा, ढाल तरवार नाच, चाची, फाक, हुड्के फुर्को नाच, बाक्टे नाच, बाजा लगायतका नाच प्रदर्शन हुने भएका छन्।

# जिते बजारको चहलपहल दोभानमा सर्‍यो

नमस्ते समचारदाता
कालीकोट, पुष/०४



कालीकोट जिल्लाको खाँडाचक्र नगरपालिका र नरहरिनाथ गाउँपालिकाको सीमा क्षेत्रको जिते बजार अहिले पूरै खाली छ। कुनै समय हाटबजारले निकै चहलपहल हुने कर्णाली तथा तिला नदीको मिलनविन्दुमा रहेको जिते क्षेत्र अहिले सुनसान भएको हो। वर्षा सकिएको र हिउँदको सिजन भएकाले दुवै नदीमा पानीको बहाव निकै घटेको छ। किनारबाट बगिरहेका दुई नदी पश्चिम क्षेत्रबाट कर्णाली र पूर्व क्षेत्रबाट बग्ने तिला नदीको मिलन बिस्तारै भइरहेको छ। पलाँता गाउँपालिका-९ का स्थानीय पूर्णबहादुर बमले जितेमा दुई नदीबिचको मिलनविन्दु निकै आकर्षकका साथै चहलपहल हुने जिते बजार भने सुनसान भएको बताउनुहुन्छ। दुई नदी आफ्नै गतिमा बगेर तलसम्म आआफ्नो क्षेत्र ओगटेको छ भने अलि तल पुगेपछि समायोजन भएका छन्। तिला नदीको मिलन क्षेत्र ओरालो भएकाले कर्णालीमा सबै सँगै मिसिन्छ। बर्सातको समयमा झन् ताल परेर बग्ने गरेको छ। स्थानीय प्रेमबहादुर मल्लले यहाँको पहाड, तल बग्ने नदी र उताको कर्णाली राजमार्ग, कर्णाली कोरिडोरले जितेको यो क्षेत्रलाई हेर्नलायक बनाएको बताउनुभयो। बजार हटे पनि दुई नदीको मिलनविन्दुका कारणले मान्छेको चहलपहल भइरहेको छ।

## वार्षिक...

०७९ माघ पहिलो सातातिर बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा उक्त कार्यदल गठन गरेको थियो। कार्यदलले वार्षिक १० हजार रोजगारी सिर्जना गर्ने लक्ष्यका लागि ठोस कार्ययोजना सहितको मार्गचित्र निर्माण गर्ने, ३० दिनभित्र कर्णालीमा रोजगारीसँग सम्बन्धित सार्वजनिक, निजी तथा सामुदायिक कार्यक्रमको नक्साङ्कन गर्ने, कर्णाली प्रदेशमा रोजगारी सृजनाका लागि तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्ने, रोजगारीको लागि आधारभूत तथ्याङ्कसहितको वेवलाइन सूचना सङ्कलनको लागि प्रश्नावली तयार गर्ने, सङ्कलन विधिको खाका तयार गर्ने लगायतका काम गर्ने भनिएको थियो। यद्यपि उक्त कार्यदलले त्यो बेला तदारुकताका साथ काम गर्न सकेन। ढिलो गरी कार्यदलले प्रतिवेदन पेस गरेको थियो भने त्यही प्रतिवेदनको कुरालाई नै समेटेर ऐन बनाइने भनिएको थियो। सचिव सारूका अनुसार कन्सेप्ट पेपर बनाइएपनि त्यो अनुसार ऐन बन्न सकेन। 'हाम्रो तर्फबाट गर्नुपर्ने काम गरेका थियौँ,' उनले भने, 'बाँकी राजनीतिक विषयबारे हामीलाई थाह हुने कुरा भएन।' मुख्यमन्त्री कँडेलको सचिवालयका अनुसार उक्त कार्यक्रममा अहिले कुनै बजेट छैन। यद्यपि कृषि र उद्योग, पर्यटनमा समृद्धिसँग सम्बन्धित कार्यक्रम चलिरहेको सचिवालयका एक सदस्यले बताए। ती सदस्यले भने, 'अघिल्लो सरकारको पालामा ऐन बनाएर लागु गरिने भनिएको रहेछ। यो वर्ष अन्य मन्त्रालयमार्फत यस्ता कार्यक्रम गरिने भनिएपनि कार्यक्रम भनेर छुट्टै बजेट छैन।' ऐन बनाउने विषयमा कुनै छलफल नभएको पनि उनले बताए। मुख्यमन्त्री कार्यालयका एक कर्मचारीका अनुसार बरु भरखरै प्रदेश सरकार मन्त्रीपरिषदले कर्णाली प्रदेशमा ''मुख्यमन्त्री रोजगार कार्याक्रम'' सञ्चालन गर्ने निर्णय गरेको बताए। सरकार फेरबदल भएसँगै अघिल्लो सरकारले ल्याएको योजना भनेर बेवास्ता गरिएको छ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# भूकम्पबाट क्षतिग्रस्त ४२ वटा स्वास्थ्य संस्था पुनर्निर्माण गर्दै प्रदेश सरकार

नमस्ते समचारदाता
जाजरकोट, पुष/०४



जाजरकोट भूकम्प गएको १ वर्ष बितिसक्दा पनि पुनर्निर्माणबारे केन्द्र सरकारले चासो नदिएपछि कर्णाली प्रदेश सरकार आफैं पुनर्निर्माणमा जुटेको छ। सुरुमा प्रदेश सरकारले भूकम्पबाट क्षतिग्रस्त सामुदायिक स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरूको पुनर्निर्माण गर्न लागिएको हो। जस अनुसार जाजरकोटमा मात्रै ४२ वटा स्वास्थ्य संस्था र विद्यालय पुनर्निर्माण गर्न लागिएको प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार पुनर्निर्माणका लागि जिल्लाको पूर्वाधार विकास कार्यालयबाट योजनाहरू छनोट गरेर पठाएको थियो। जस अन्तर्गत पहिलो चरणमा ३१ वटा सामुदायिक विद्यालय र ११ वटा स्वास्थ्य संस्थाको भवन बनाइने भएको हो। मन्त्रालय श्रोतका अनुसार बारेकोट गाउँपालिकामा ५, नलगाड नगरपालिकामा ४, भेरी नगरपालिकामा ३, छेडागाड नगरपालिकामा ४, कुशे गाउँपालिकामा ५, शिवालय गाउँपालिकामा ५ र जुनिचाँदे गाउँपालिका ५ वटा विद्यालय पुनर्निर्माणका लागि छनोट भएका छन्। ती प्रत्येक विद्यालय र स्वास्थ्य संस्था ४५ लाखदेखि ७५ लाख रुपैयाँसम्ममा बनाइसक्नुपर्ने कार्यविधि प्रदेश सरकारले बनाएको छ। यस्तै, स्वास्थ्य चौकीतर्फ सबै पालिकामा दुई/दुई वटाका दरले छनोट गरिएको छ। जाजरकोटमा भूकम्पबाट प्रभावित स्वास्थ्य संस्था र विद्यालयहरूको पुनर्निर्माणका लागि २५ करोड रकम विनियोजन गरिएको छ। पूर्वाधार विकास कार्यालय जाजरकोटबाट सिफारिस भएर आएका योजनाहरू प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले स्वीकृत गरिसकेको छ। साथै कार्यविधि अनुसार निर्माण कार्यका लागि समेत अख्तियारी दिइसकेको मन्त्रालयका सूचना अधिकारी प्रविण कार्कीले बताए। प्रदेश सरकारले भूकम्प प्रभावित जिल्लाहरूका क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनर्निर्माणका चालु आर्थिक वर्ष ५० करोड रकम विनियोजन गरेको छ। सोही अन्तर्गत जाजरकोटमा २५, रुकुम पश्चिममा २२ र सल्यानमा ३ करोड रकम विनियोजन गरिएको छ। ०८० कार्तिकमा जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर भूकम्प गएको थियो। रुकुम पश्चिम र सल्यानमा पनि योजना छनोट गर्ने काम भइरहेको मन्त्रालयले जनाएको छ।

# समस्या समाधान गर्न सुझाव कार्यदल गठन



नमस्ते समचारदाता
देउखुरी, पुष/०४

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विचमा कर्णाली नदीको स्रोत उपभोग तथा संरक्षणका क्षेत्रमा देखिएका समस्या समाधान गर्न दुई प्रदेशको संयुक्त सुझाव कार्यदल गठन गरिएको छ। कर्णाली नदीको नदीजन्य स्रोतको उपयोग तथा संरक्षणको विषयमा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीको बीचमा बुधबार सम्पन्न संयुक्त संवादले लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा सुझाव कार्यदल गठन गरिएको हो। कार्यदलमा सुदूरपश्चिम प्रदेश सरकारका सचिव सदस्य, दुवै प्रदेशका वन मन्त्रालयका प्रतिनिधि, नदी तटीय क्षेत्रसँग जोडिएका स्थानीय तहका प्रतिनिधि, निकुञ्जका प्रतिनिधि, नापी कार्यालयका प्रतिनिधि लगायत सदस्य रहने छन्। सुझाव कार्यदलको सदस्य सचिवमा संवाद समूहको प्रतिनिधि रहने निर्णय भएको छ। यो समितिले तीन तहका सरकारसँग जोडिएका समस्याको पहिचान गर्ने र समाधानका लागि विकल्प सहित प्राथमिकता निर्धारण गरेर सुझाव दिनेछ। कर्णाली नदी जलाधार क्षेत्रमा पर्ने गेरुवा गाउँपालिका ओखरिया इन्टेक क्षेत्रमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको बीचमा संयुक्त संवाद गरिएको थियो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले दुई प्रदेशको बीचमा प्राकृतिक स्रोतको संरक्षण तथा सदुपयोग लगायत सिमानाको समस्या समाधान गर्नेगरी सुझाव कार्यदल गठन गरिएको जानकारी दिए। मुख्यमन्त्री आचार्यले भने, 'समस्याको पहिचान गरेर वर्गीकरण गर्ने र सुझाव दिने जिम्मेवारी कार्यदलको छ। स्थानीय, प्रदेश र संघीय सरकारले के गर्ने भन्ने बारेमा समेत सुझाव संकलन हुने छ।' समस्या समाधान गरे निकास निकाल्न सकिने र त्यसका लागि प्रदेश सरकारले पहल लिने बताए। 'गेरुवा, राजापुरको मात्रै समस्या होइन, यो समस्या सिंगो प्रदेशको समस्या हो। समस्या समाधानको निकास निकाल्न सकिन्छ', मुख्यमन्त्री आचार्यले भने, 'दुवै प्रदेशले संयुक्त पहल लिन्छौं। कार्यदलले भूमिका बढाउँछ।' राष्ट्रिय निकुञ्ज सम्बन्धी ऐन संसोधन जरुरी रहेको र त्यसका लागि प्रधानमन्त्री समक्ष समेत अनुरोध गरेको बताए। 'वि.सं. २०२९ सालमा बनेको निकुञ्ज संरक्षण ऐन संशोधन गर्नुपर्छ भनेर पहल लिएका छौं। प्रधानमन्त्रीसँग भएको बैठकमा पनि यो बिषय उठाएका छौं', उनले भने, 'समस्याको पहिचान गर्न पटकपटक बसाइ गरेका छौं। हामी समस्या समाधान गर्नेगरी अघि बढेका छौं।' यस्तै सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले कार्यदलको जिम्मेवारीभित्र हालसम्म भएका कामहरुको दस्तावेजीकरण गर्ने, सुझावहरुको संकलन गर्ने, ऐन, कानूनहरुको अध्ययन गर्ने, बजेट तथा कार्यक्रमको बारेमा जानकारी लिने लगायत रहने बताए। 'सुझावको आधारमा सुधारका कामहरु अघि बढ्छन्, 'संघीयतालाई बलियो बनाउन प्रदेश तहमा सहकार्य, समन्वय जरुरी छ। यसको सुरुवात लुम्बिनी र सुदूरपश्चिमबाट भएको छ।' संवाद समूहले आयोजना गरेको संवादमा लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री सीता शर्मा चौधरी, सुदुरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सुरेन्द्र पाल, आर्थिक मामिला राज्य मन्त्री प्रकाश वम लगायत सहभागी थिए। गत वर्ष पनि यसैगरी दुवै प्रदेशका मुख्यमन्त्री स्तरीय संयुक्त संवाद गरिएको थियो।

# सात वर्षअघि पुल बनाउन खनेको खाल्डो

नमस्ते समचारदाता
कैलाली, पुष/०४



कैलालीको शिवगङ्गा नदीमा पुल निर्माणमा चरम ढिलासुस्ती भएको छ। धनगढी उपमहानगर पालिकाको वडा नम्बर १६ र १७ लाई जोड्ने शिवगङ्गा पुल निर्माणमा निर्माण कम्पनीले ढिलासुस्ती गरेको हो। ठेक्का सम्झौता अनुसार चार वर्ष अगाडि नै निर्माण कार्य सम्पन्न भइसक्नुपर्ने शिवगङ्गा पुलको अहिलेसम्म जग पनि तयार भएको छैन तर निर्माण कम्पनी पप्पु एडभेन्चर जेभीले ३० प्रतिशत काम पूरा भएको भन्दै तीन करोड १३ लाख ७२ हजार रुपियाँ भुक्तानी लिइसकेको छ। कुल ठेक्का रकमको २२ प्रतिशत रकम भुक्तानी लिइसकेको निर्माण कम्पनीले ठेक्का सम्झौता भएको सात वर्षसम्म पुल निर्माण गर्न सकेको छैन। सुरुमै निर्माण कम्पनीले लापर्बाही गरेका कारण यतिको वर्षसम्म पुलको काम हुन नसकेको सडक डिभिजन कार्यालय कञ्चनपुरका प्रमुख राजेशकुमार यादवले बताएरु। यादवले भने, 'पछि टेक्निकल समस्याका कारण काम भएन, निर्माण कम्पनीले काममा लापर्बाही नगरेको भए पुल बनिसक्थ्यो।' सङ्घीय सरकारको लगानीमा निर्माण हुने सो पुल बनाउनका लागि सडक डिभिजन कार्यालयले २०७४ असार २७ गते निर्माण कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो। २०७७ असार २५ गतेभित्र निर्माण कार्य पूरा गर्ने गरी ठेक्का सम्झौता भए पनि म्याद थप गर्दासमेत काम भएको छैन। १६० मिटर लामो बन्ने पुलको कुल ठेक्का लागत रकम रु १४ करोड २६ लाख रुपियाँ रहेको छ। 'क्रोनिक' बनेर अधुरै रहेको यो पुलको डिजाइन पुनः अवलोकन गरेर निर्माणको काम अगाडि बढाउने डिभिजन प्रमुख यादवले बताए। यो वर्ष जसरी पनि पुल निर्माणको काम हुन्छ, काम सुरु गर्ने भनेर जग खन्ने काम भइसकेको छ।' यादवले भने। निर्माण कम्पनीले पहिले फाउन्डेसन तयार पारे बापतको भुक्तानी लिएको प्रमुख यादवले बताए। सात वर्ष लगाएर जग पनि बन्न नसकेको पुलको आगामी असार मसान्तसम्म म्याद थप गरिएको छ। थपिएको समयावधि पनि अब सात महिना मात्रै बाँकी रहेकाले सात वर्षमा बन्न नसकेको पुल सात महिनामा बन्न सक्ने सम्भावना देखिँदैन। निर्माण कम्पनीले सकेसम्म यही आर्थिक वर्षभित्रै पूरा हुने गरी काम गर्नुपर्ने प्रमुख यादवको जोड छ। शिवगङ्गा पुल र वडा नम्बर १७ मै खुटिया नदी पुलको सँगै ठेक्का सम्झौता भएको थियो। खुटिया नदीमा चार वर्षअगाडि नै पुल बनिसकेको छ। कैलालीको प्रसिद्ध धार्मिक स्थल बेहडाबाबा मन्दिर जाने बाटोमा पर्ने शिवगङ्गा पुल बन्न नसक्दा यात्रुले समस्या झेल्दै आएका छन्। वर्षायाममा उनीहरू जोखिम मोलेर नदी वारपार गर्नुपर्ने बाध्यता रहेको छ। धनगढी उपमहानगरपालिका-१७ का वडाध्यक्ष माधवराज रानाले शिवगङ्गा पुलसँगै शिलान्यास भएको खुटिया पुल बने पनि शिवगङ्गा पुल निर्माणको काम नभएको बताए।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सोरु गाउँपालिका
मुगु

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके